# उत्कृष्ट दूध उत्पादक कृषक/सहकारी पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८०

स्वीकृत मितिः २०८०/९/३

**प्रस्तावनाः** निर्वाहमुखी र परम्परागत पशुपालनलाई व्यवसायिक बनाई दूध तथा दूग्धपदार्थको उत्पादन र उत्पादकत्वको वृद्धि गरी दुग्ध क्षेत्रलाई समाजको आकर्षक एवं सम्मानित पेशाको रुपमा स्थापित गर्न सहयोग पुर्याएका प्रदेशका कृषक/सहकारीको योगदानलाई सम्मान गर्दै कृषकहरुको मनोबल उच्च राख्न सहयोग पुर्याउने उद्देश्यले प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "उत्कृष्ट दूध उत्पादक कृषक/सहकारी पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आवेदक" भन्नाले कार्यक्रममा प्रस्ताव पेश गर्ने दूध उत्पादक कृषक एवम् दूधको कारोबार गर्ने सहकारी संस्था सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले वार्षिक स्वीकृत कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(ग) "विज्ञ केन्द्र" भन्नाले निर्देशनालय मातहतको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(घ) "बोर्ड" भन्नाले मन्त्रालय मातहतको प्रदेश दुग्ध विकास बोर्ड सम्झनु पर्छ ।

(ङ) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(च) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(ज) "साझेदार संस्था" भन्नाले यस कार्यक्रमको लागि छनौटमा परी सम्झौता गरेका आवेदक सम्झनु पर्छ ।

## परिच्छेद-२
## कार्यक्रम सञ्चालन प्रक्रिया

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

३. **प्रस्ताव आह्वानः** (१) बोर्डले स्वीकृत कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरुलाई लक्षित गरी प्रस्ताव पेश गर्न ३० दिनको म्याद राखी सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा १ बमोजिम सूचना प्रकाशन गर्दा माग अनुसार प्रस्ताव दर्ता हुन नआएमा पुनः १५(पन्ध्र) दिनको समय सीमा राखी १ (एक) पटकको लागि सूचना प्रकाशन गर्न सकिनेछ ।

४. **प्रस्ताव दर्ताः** कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले दफा ३ मा उल्लिखित समय सीमा भित्र अनुसूची-१ बमोजिमको आवेदनको साथ अनुसूची-२ बमोजिमको निवेदन फारम र अनुसूची-३ बमोजिमको स्वघोषणा-पत्र लगायतका आवश्यक कागजात सहित बोर्डमा आवेदन दर्ता गर्नु पर्नेछ । साथै, आवेदकले दफा ६ बमोजिमको मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

५. **प्रस्ताव मूल्याङ्कन तथा स्थलगत प्रमाणीकरणः** (१) प्राप्त भएका आवेदनहरुको मूल्याङ्कन गरी स्वीकृतिका लागि सिफारिस गर्न सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिमको एक मूल्याङ्कन समिति रहनेछ । बोर्डले आवश्यकता अनुसार स्थलगत प्रमाणीकरण गर्न सक्नेछ ।

(२) उपदफा (१) अनुसार गठित मूल्याङ्कन समितिले आवश्यक ठानेमा बढीमा २ (दुई) जना विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम गठित मूल्याङ्कन समितिले अनुसूची-४ बमोजिमको आधारमा रही मूल्याङ्कनका गर्दा ५० (पचास) प्रतिशत वा सो भन्दा बढी अंक प्राप्त गर्ने आवेदकलाई मात्र छनौटका लागि सिफारिस गर्नु पर्नेछ । मूल्याङ्कन समितिले छनौट भएका आवेदन बोर्डमा स्वीकृतीका लागि सिफारिस गर्नेछ। यसरी छनौट गर्दा जिल्लागत योग्यताक्रम तयार गरी एक जिल्लाबाट एक कृषक/ सहकारी छनौट गर्नुपर्नेछ। कुनै जिल्लाबाट आवेदन नपरेको वा आवेदनको मापदण्ड पुरा नभएको हकमा समग्र योग्यताक्रम अनुसार आवेदन छनौट गरिनेछ।

६. **मापदण्डः** (१) दूध उत्पादक कृषक आवेदकको हकमा कार्यक्रममा सहभागि हुन देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनुपर्नेछ।

क.दर्तावाल दूध उत्पादक कृषकले कम्तीमा तपशिल बमोजिमको दुहुना गाई/भैंसी पालन र दैनिक दूध उत्पादन गरिरहेको हुनुपर्नेछ ।

| क स | जिल्ला | गाई/भैंसी संख्या | दैनिक दूध उत्पादन (लिटर) |
|---|---|---|---|
| १ | चितवन, मकवानपुर, काभ्रे र ललितपुर | २० | १०० |
| २ | काठमाण्डौं, भक्तपुर, नुवाकोट र धादिङ, | १० | ५० |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

| | | | |
|---|---|---|---|
| ३ | रसुवा, दोलखा, सिन्धुपाल्चोक, सिन्धुली र रामेछाप | ५ | २५ |

ख.स्वच्छ दूध उत्पादनको लागि कम्तीमा फार्मको वरिपरी तारवार, मल मूत्रको कम्तिमा १० मिटरको दूरीमा व्यवस्थापन, घाँसमा आधारित पशुपालन र पिउने पानीको उपलब्धता हुनुपर्ने।

ग. उत्पादित दूध चिस्यान केन्द्रमा विक्रि गरेको हुनुपर्ने।

(२) सहकारी संस्था आवेदकको हकमा कार्यक्रममा सहभागि हुन देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनुपर्नेछ।

१. दर्तावाल सहकारीले तपशिल बमोजिमको दूध संकलन गरी नियमानुसार चिस्यान गरी प्रशोधन गरेको वा प्रशोधन कारखानामा बिक्रि गरेको हुनुपर्ने।

| क्र स | जिल्ला | दैनिक दूध संकलन लि. |
|---|---|---|
| १ | चितवन, मकवानपुर, काभ्रे र ललितपुर | १५०० |
| २ | काठमाण्डौं, भक्तपुर, सिन्धुपाल्चोक, नुवाकोट र धादिङ्ग | ८०० |
| ३ | रसुवा, दोलखा, रामेछाप र सिन्धुली | ३०० |

७. प्रस्ताव छनौटको जानकारीः स्वीकृत भएका प्रस्तावहरुको जानकारी र आवेदन छनौट बारे निवेदन/गुनासो दर्ता गर्न आवेदकलाई ७(सात) दिनको समय सीमा राखी आशयको सूचना प्रकाशन गरिनेछ ।

८. पुरस्कार वितरणः (१) बोर्डले यथासम्भव १३ जिल्ला समेट्ने गरी छनौट भएका उत्कृष्ट कृषक/संस्थाहरुको नामावली प्रकाशन गरी रू २०,०००।– नगद (नियमानुसार कर कट्टा गरी) प्रति कृषक/सहकारी र प्रमाणपत्र सहित सम्मान गर्नेछ। वार्षिक विनियोजिन बजेटको कम्तीमा ६० प्रतिशत पुरस्कारमा खर्च गर्नुपर्नेछ ।

(२) बोर्डले उत्कृष्ट कृषक/ सहकारी पुरस्कार कार्यक्रममा विनियोजित बजेटबाट बैठक, अनुगमन र पुरस्कार वितरण कार्यक्रम संचालन गर्न सकिनेछ।

## परिच्छेद -३

### अन्य व्यवस्था

९. दोहोरोपना नहुनेः यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय तथा स्थानीय तहवाट कार्यान्वयन हुने पुरस्कार कार्यक्रमसँग दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

१०. <u>संशोधनः</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ । आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गरिनेछ ।

११. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएका सञ्चालन प्रकिया बाहेकका विषयहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजीम नै हुनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची-१

(दफा ४ सँग सम्बन्धित)

आवेदनको ढाँचा

मिति:

श्रीमान् निर्देशक ज्यू,
प्रदेश दुग्ध विकास बोर्ड,
बागमती प्रदेश, हेटौंडा मकवानपुर ।
मार्फत,
श्री भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र,
... ... ... ... ... ... ...

विषयः उत्कृष्ट पुरस्कार दूध उत्पादक सहकारी/कृषक कार्यक्रम गराई पाउँ।

महोदय,

तहाँ प्रदेश दुग्ध विकास बोर्ड, बागमती प्रदेशबाट मिति ..... गते ...... राष्ट्रिय पत्रिकामा प्रकाशित सूचना बमोजम उत्कृष्ट पुरस्कार दूध उत्पादक सहकारी/कृषक कार्यक्रममा सहभागी हुन इच्छुक भई माग बमोजिमको कागजात यसैसाथ संलग्न राखी आवश्यक कारबाहीको लागि आवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

सग्लन कागजात

१. रु १० को हुलाक टिकट टाँस गरिएको अनुसूची -१ बमोजिमको निवेदन,
२. सहकारी संस्था/ कृषक दर्ता प्रमाण पत्रको प्रतिलिपी,
३. स्थायी लेखा नम्बरको प्रतिलिपी,
४. पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी,
५. अनुसूची-३ बमोजिमको ढाँचामा विवरण,
६. सहकारी संस्थाको हकमा कार्यक्रममा सहभागी हुन सम्बन्धित संस्थाको निर्णय र लेखा परिक्षणको प्रतिलिपी,
७. कृषकको हकमा पशुधन बीमा र गोठको फोटो।
८. दूध विक्री विवरण।

आवेदक
दस्तखतः
मितिः
नाम थरः
पदः
सम्पर्क नम्बरः
संस्थाको नाम/ठेगानाः
संस्थाको छाप

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

| |
|---|
| हाल सालै खिचीएको पासपोर्ट साईजको फोटो |

**अनुसूची-२**

**(दफा ४ सँग सम्बन्धित)**

**निवेदन फारम (नमुना)**

१. कृषकले पेश गर्नुपर्ने निवेदन फारम (नमुना)

क. कृषकको नामः.......................................................

ख. संस्थाको नामः.......................................................

ग. स्थायी ठेगानाः.......................................................

घ. व्यवसाय सञ्चालन गरेको स्थान ठेगाना............................

ङ. कृषकसंग भएको स्रोत साधन .....................................

च. पशुपालन तथा दूध उत्पादनमा असल अभ्यास अबलम्बन गरेको/नगरेको

छ. पशुधन सुरक्षा (विमा) गरेको/नगरेको........................................

ज. घाँस खेति गरिएको क्षेत्रफल र किसिम (बर्षे/बहुबर्षे घाँसहरु/साइलेज/T.M.R.)..........

झ. दुहुना गाई भैंसी को संख्या................................ पशुको जात...............

ञ. दैनिक तालिका एवम् अभिलेख व्यवस्थापन.......................................

ट. दैनिक दूध उत्पादन ,...................................

ठ. उत्पादित दूधको बजारिकरणको विवरण (प्रमाण सहित) ................................

ड. रोजगारीको अवस्था.......................................................................

ढ. गोठको अवस्था (आधुनिक/ परम्परागत, पशुको उमेर अनुसार व्यवस्थापन भएको/नभएको)....................

ण. मलमूत्र प्रशोधन गर्ने गरेको/नगरेको................................

त. तालिम लिएको/नलिएको..............................

थ. दूध व्यवसाय प्रवर्द्धनका भावी योजना (कुनै भए)............................

द. कृषक सफलताको कथा (बढिमा २०० शब्दमा नबढने गरी)...........................

ध. रंगीन फोटो समावेश गर्नुपर्ने

२. दुग्ध उत्पादक सहकारीले पेश गर्नुपर्ने निवेदन फारम (नमुना)

क. सहकारीको नामः..............................

ख. स्थायी ठेगानाः................................

ग. दैनिक दूध संकलन(लिटर).........................

घ. शेयर सदस्य संख्या.........................

ङ. दूध चिस्यानको व्यवस्था............................

च. बजारीकरणको अवस्था(आफेले प्रशोधन गरे/नगरेको)............................

छ. सहकारीसंग भएको स्रोत साधन(सहकारीको घर जग्गा प्रमाण सहित)...........

ज. सहकारीमा कार्यरत जनशक्तीको विवरण.............................. पशु प्राविधिक नियुक्त गरे/नगरेको

झ. अभिलेख व्यबस्थापन................................. कृषक भुक्तानी बैंक मार्फत गरे/नगरेको

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

ञ. समावेशी समुहलाई बिशेष ग्राहेता दिएको/नदिएको (दिएको भए विवरण सहित)......................

ट. दूध व्यवसाय प्रवर्द्धनका भावी योजना (कुनै भए)...........................

ठ. सहकारी सफलताको कथा (बढिमा २०० शब्दमा नबढने गरी)........................

<u>नोट</u>: पेश गरेका सम्पुर्ण विवरण सही छ र पेश गरेका विवरण स्थलगत प्रमाणिकरणमा झुट्टा ठहर भएमा म पुरस्कारको लागि योग्य हुने छैन। अनुसूचीमा उल्लेखित व्यहोरामा फेरबदल नहुने गरी विवरण तयार गरी पेश गर्न सक्नेछ।

पेश गर्नेः

नामः

पदः

सहि

संस्थाः

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची-३

(दफा-४ सँग सम्बन्धित)

## स्व-घोषणा पत्र

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

श्रीमान् निर्देशकज्यू,

.................

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ................ का दिन............ पत्रिकामा प्रकाशित सूचना अनुसार..............स्थित............ ले............ कार्यक्रम प्रास्ताब पेश गरेको हुँदा तपसिलका बुँदाहरुमा प्रतिवद्धता व्यक्त गर्दछु/ छौं । यदि यस स्व-घोषणामा केही झुठ पाइएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/ छौं ।

तपसिलः

१. अन्य कुनै सरकारी निकायबाट समान प्रकृतिको कार्यक्रमको लागि कुनै प्रकारको प्रोत्साहन वा सुविधा लिएको छैन ।

२. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन ।

३. कुनैपनि वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा परेको छैन ।

आवेदकको

नामः

पदः

ठेगानाः

संस्थाको छापः

सम्पर्क नं. :

औंठा छाप

| दायाँ | बाँया |
|---|---|
| | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची-४

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

क. उत्कृष्ट कृषक छनौटका लागि मुल्याङ्कनका आधार

| क्र. सं. | विषयवस्तु | | | अङ्कभार |
|---|---|---|---|---|
| १ | गाई/भैंसी संख्या | | | २० |
| | चितवन, मकवानपुर, काभ्रे, ललितपुर | काठमाण्डौं, भक्तपुर, नुवाकोट, धादिङ्ग | रसुवा, दोलखा, सिन्धुपाल्चोक, सिन्धुली र रामेछाप, | |
| १.१ | २०-३० | १०-२० | ५-१० | १५ |
| १.२ | ३०-४० | २०-३० | १०-१५ | १७ |
| १.३ | ४० भन्दा बढी | ३० भन्दा बढी | १५ भन्दा बढी | २० |
| २ | गोठ | | | १५ |
| २.१ | पशुको उमेर र स्वास्थ्य अनुसार छुट्टा छुट्टै राख्ने व्यवस्था भएको | | | १५ |
| २.२ | छुट्टा छुट्टै राख्ने व्यवस्था नभएको | | | १० |
| ३ | जैबिक सुरक्षा | | | २० |
| ३.१ | स्वच्छ पिउने पानीको उपलब्धता | | | १० |
| ३.१.१ | स्वचालित | | | १० |
| ३.१.२ | म्यानुअल | | | ७ |
| ३.२ | सरसफाई | | | ५ |
| ३.२.१ | मेसिन प्रयोग भएको | | | ५ |
| ३.२.२ | मेसिन प्रयोग नभएको | | | ३ |
| ३.३ | मल मूत्र व्यवस्थापन | | | ५ |
| ३.३.१ | स्वयम् प्रशोधन गरेको | | | ५ |
| ३.३.२ | १० मि को दुरीमा व्यवस्थापन गरेको | | | ३ |
| ४ | रोजगारी | | | ५ |
| ४.१ | एकाघरका परिवारका सदस्य बाहेक अन्य | | | ५ |
| ४.२ | एकाघरका परिवारका सदस्य | | | ३ |
| ५ | तालिम लिएको | | | १० |
| ६ | घाँस खेती तथा आहारा व्यवस्थापन | | | १५ |
| ७ | नियमित Dite Plan तथा खोप तालिका र गोबर परिक्षणको तालिका एवम् अभिलेख व्यबस्थापन | | | १५ |
| | जम्मा | | | १०० |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

## ख. उत्कृष्ट सहकारीको लागि मूल्याङ्कनका आधार

| क. सं. | विषयवस्तु | | | अङ्कभार |
|---|---|---|---|---|
| १ | दूध संकलन (लिटर) | | | २० |
| | चितवन, मकवानपुर, काभ्रे, ललितपुर | काठमाण्डौं, भक्तपुर, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ्ग | रसुवा, दोलखा, रामेछाप, सिन्धुली, | |
| १.१ | १५००-२००० | ८००-१००० | ३००-४०० | १५ |
| १.१ | २०००-२५०० | १०००-१३०० | ४००-५०० | १७ |
| १.१ | २५००-३००० | १३००-१६०० | ५००-७०० | २० |
| २ | व्यवस्थित बजारिकरण | | | २० |
| २.१ | सहकारी आफैले प्रशोधन गरेको | | | २० |
| २.२ | प्रशोधन केन्द्रमा बिक्रि वितरण गरेको | | | १५ |
| ३ | नियमित साधरण सभा गरी प्रकाशन गर्ने गरेको | | | १० |
| ४ | ऋण तथा बचतको व्यवस्था | | | १० |
| ५ | महिला एवम् समावेशी समुहलाई विपेश ग्रायता | | | १० |
| ६ | कृषकहरुका लागि पशु प्राविधिकको व्यवस्था | | | १० |
| ७ | नियमित तथा व्यवस्थित कृषक भूक्तानी प्रक्रिया(बैंक खाता मार्फत) | | | १० |
| ८ | सहकारीको आफ्नै जग्गा/भवन रहेको | | | १० |
| | जम्मा | | | १०० |

*नोटः मुल्याङ्कन समितिले आवश्यक ठानेमा मुल्याङ्कनका आधारहरुमा थप खण्डीकरण गरी मुल्याङ्कन गर्न सक्नेछ। मूल्याङ्कनको क्रममा न्यूनतम ५० प्रतिशत प्राप्त गरेका आवेदनहरुको मात्र छनौटका लागि सिफारिस गरिनेछ।*

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री